# गरुडानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गरुडा,रौतहट
मधेशप्रदेश,नेपाल

**करारमा कर्मचारी पदपुर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति २०८१।०७।०५**

गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा मातहतका स्वास्थ्य संस्थाको लागि देहायका पदमा योग्य प्राविधिक कर्मचारी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र दिनको २:०० बजे सम्म गरुडा नगरपालिकाको NIC ASIA बैंकमा रहेको **आन्तरिक राजश्व खाता २४१२०५०५२५९१८००८मा** राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फारम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट उपलब्ध गराइनेछ । साथै दोब्बर दस्तुर तिरी थप सात (७) दिन भित्रमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| सि.नं | विज्ञापन नं. | समूह | पद | तह | मागपद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १०।०८१।०८२ | स्वास्थ्य/हे.इ. | अ.हे.व. | सहायक स्तर चौथो | ५ | ५००।- |
| २ | ११।०८१।०८२ | स्वास्थ्य /प.हे.न | अ.न.मी. | सहायक स्तर चौथो | ५ | ५००।- |
| ३ | १२।०८१।०८२ | स्वास्थ्य /प.हे.न. | अ.न.मी.(SBAतालिमप्राप्त) | सहायक स्तर चौथौं | १ | ५००।- |
| ४ | १३।०८१।०८२ | स्वास्थ्य/ मेडिकल ल्याब | ल्याव असिस्टेन्ट | सहायक स्तर चौथौं | १ | ५००।- |
| ५ | १४।०८१।०८२ | बहुपोषण कार्यक्रम | पोषण सहजकर्ता | सहायक स्तर चौथौं | १ | ५००।- |
| ६ | १५।०८१।०८२ | प्रशासन समूह | कार्यालय सहयोगी | श्रेणीबिहिन | ३० | ३०० |
| ७ | १६।०८१।०८२ | प्रशासन समूह | स्वीपर | श्रेणीबिहिन | ३० | ३०० |

योग्यता :

१. **उमेर :** १८ वर्ष भई ३५ वर्ष ननाघेको र'महिलाको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको, पोषण सहजकर्ताको हकमा १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको र कार्यलय सहयोगी तथा स्वीपरको लागि १८ वर्ष पुरा गरी ५५ वर्ष ननाघेको ।

२. **दरखास्तदिने स्थान :** गरुडा नगरपालिकाको कार्यालय गरुडा रौतहट

३. **दरखास्तदिने अन्तिम मिति :** सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र र सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट कार्यालय खुलेको दिन ।

४. **परिक्षाको किसिम :** लिखित र अन्तर्वार्ता/स्वीपर र कार्यालय सहयोगीको लागि अन्तरवार्ता मात्र ।

५. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको छाँया प्रति

- नेपाली नागरिकताको प्रमाणपत्र को छाँया प्रति

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गरुडानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट

मधेशप्रदेश, नेपाल

- शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्र को छाँया प्रति
- चारित्रिक प्रमाण पत्रको छाँया प्रति
- २ (दुई ) प्रतिपासपोर्ट साईजको फोटो
- सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्र (नवीकरण भएको) छायाँप्रति
- अनुभव खुल्ने प्रमाण पत्र
- कार्यालय सहयोगी र स्वीपरको लागि नागरिकता प्रमाण पत्र र फोटो २ दुई प्रति मात्र पेश गर्नु पर्नेछ ।

**६. परीक्षा मिति र परीक्षा केन्द्र :** पछि प्रकाशन गरिनेछ ।

**७. सम्पर्क मिति :** २०८१।०७।२८ गते

**८. सेवा सुविधा :** नगर कार्यपालिका वा नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. छनौटको किसिम :** गरुडा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७९ तथा कार्यपालिकाको निर्णय बमोजिम छनौट समितिले निर्धारण गरेको मापदण्ड एवं कार्यविधि बमोजिम हुनेछ ।

**१०.शैक्षिक योग्यता :**

क. **अ.हे.व.सहायक स्तर चौथो:** मान्यताप्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. कोर्ष उत्तिर्ण गरेको र स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको र लाइसेन्स नवीकरण भएको ।

ख. **अ.न.मी.सहायक स्तर चौथो:** मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरेको र सम्वन्धित परिषदमा दर्ता भएको र लाइसेन्स नवीकरण भएको ।

ग. **अ.न.मी.(SBAतालि मप्राप्त) सहायक स्तर चौथो :** मान्यताप्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण गरेको, सम्वन्धित परिषदमा दर्ता भएको र लाइसेन्स नवीकरण भएको । साथै तीन महिने (SBA) तालिम प्राप्त गरेको ।

घ. **ल्याब असिस्टेन्ट सहायक स्तर चौथो :** मान्यताप्राप्त शिक्षण संस्थाबाट ल्याब असिस्टेन्ट कोर्ष उत्तिर्ण गरेको र सम्वन्धित परिषदमा दर्ता भएको र लाइसेन्स नवीकरण भएको ।

ङ. **पोषण सहजकर्ता सहायक स्तर चौथो :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ उत्तिर्ण गरेको ।

च. **कार्यालय सहयोगी श्रेणीबिहिन :** सामान्य पढलेख गर्न सक्ने र कार्यलय सम्बन्धी सामान्य जानकारी भएको ।

छ. **स्वीपर श्रेणीबिहिन :** साक्षर भएको ।

८१/०६/०८

मुहम्मद मुस्ताकआ

प्रमुखप्रशासकीयअधि

मुहम्मद मुस्ताक आलम

प्रमुख प्रशासकीय अधिकृत

गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल

पत्रसंख्या :-२०८१/०८२ मिति :-२०८१/०७/०८

विषय :- त्रुटी सच्याइएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस नगर कार्यपालिका कार्यालयको मिति २०८१।०७।०५ गतेको करारमा कर्मचारी पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशित भएकोमा स्वास्थ्य समूह (अ.हे.ब., अ.न.मी., ल्याब असिष्टेन्ट र पोषण सहजकर्ता पदको लागि सो सूचनाको योग्यता नं.१ मा उमेरको हकमा १८ वर्ष पूरा गरी ४५ वर्ष ननाघेको हुनु पर्नेमा अन्यथा हुन गएकोमा कर्मचारी छनौट तथा सिफारिश समितिको मिति २०८१।०७।०७ गतेको निर्णयानुसार उमेरको हकमा १८ वर्ष पूरा गरी ४५ वर्ष ननाघेको हुने गरी कायम गरिएकोले उमेरको हकमा सोही बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

(मुहम्मद मुस्ताक आलम)
प्रमुख प्रशासकीय अधिकृत
मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
सूचना तथा प्रविधि शाखा- नगरपालिकाको वेभसासाइटमा
अपलोड गरिदिनु हुन ।